स्वीकृति मितिः २०६४/०८/०१

नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ९(ग) र नेपाल फार्मेसी परिषद् नियमावली, २०५९ को नियम ७.९(ख) को प्रयोजनको लागि देहायका निर्देशिका जारी गरेको छ ।

# फार्मेसी स्नातक तह (बि.फार्मेसी/फार्म. डी) अध्ययन/अध्यापन गराउने स्नातक डिग्री कलेज/इन्स्टिच्यूट संचालन/स्थापनाको न्यूनतम आवश्यकता सम्वन्धि निर्देशिका

**विषय सूची:**


१. विद्यार्थी भर्ना संख्या र अध्ययन अवधि

२. आवश्यक पूर्वाधारहरू

२.१ आफ्नै घर-जग्गा

२.२ घर-जग्गा

२.३ भौतिक पूर्वाधारहरू

२.३.१ कक्षा कोठाहरू

२.३.२ प्रयोगशालाहरू

२.४ अन्य भौतिक पूर्वाधारहरू

३. पुस्तकालय

४. अतिरिक्त क्रियाकलाप सम्वन्धि व्यवस्था

५. अन्य

६. शिक्षक/कर्मचारीहरू

७. आर्थिक श्रोत र यसको व्यवस्था

८. स्वीकृति लिन आवश्यक शर्तहरू

९. दरखास्त पेश गर्ने तरिका

१०. स्वीकृति दिने प्रक्रिया

११. कलेज/इन्स्टिटच्यूट निरीक्षणको व्यवस्था

१२. निरीक्षणको समयमा उपलब्ध हुनुपर्ने कागजातहरू

१३. निरीक्षणको समयमा पेश गर्नु पर्ने कागजातहरू

१४. अनुसूची - १

बर्तमानमा देश भित्र चारवटा विश्वविद्यालय र विदेशी विश्वविद्यालयवाट समेत गरी करीव १५० फार्मेसी स्नातक उत्पादन भै रहको स्थिती छ । दुईवटा विश्वविद्यालयवाट स्नाकोत्तर तहको अध्ययन गरी केही जनशक्ति तयार भै रहेको छ । यो जनशक्ति मुख्यतया देशको औद्योगिक, शैक्षिक, सरकारी र वैदेशिक रोजगारको क्षेत्रमा खपत भै रहेको छ । यती हुँदाहुँदै पनि फार्मेसी जनशक्तिको माग पुरा हुन सकेको छैन । कम्यूनिटी फार्मेसी/फर्मास्युटिकल सर्भिस र सेवाको क्षेत्रमा फार्मेसी जनशक्तिलाई संलग्न गराई गुणस्तरिय फार्मेसी सेवा प्रदान गर्ने सरकारको नीति हुँदाहुँदै पनि यी क्षेत्रको आवश्यक्ता अझै पनि पूर्ती हुन सकेको छैन । हाल विश्वव्यापीकरणको परिप्रेक्षमा हाम्रो देश भित्र उत्पादित तथा विदेशवाट अध्ययन पुरा गरी आउने जनशक्तिको स्तर समान होस भन्ने उद्देश्यले र अन्तराष्ट्रिय स्तरमा हाल विकशित फार्मेसी शिक्षाको विकाशलाई दृष्टिगत गर्दै नेपाल फार्मेसी परिषद्ले त्यस्ता परिपाटीलाई संवोधन गर्नुपर्ने आवश्यक्ता भएकोले ५ वर्षको वि.फार्मेसी र ६ वर्षको फार्म. डी को कार्यक्रम शुरू गर्नका लागि पहिलेको निर्देशिकालाई पुनरावलोकन गरी यो निर्देशिका नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ९(ग) र नेपाल फार्मेसी परिषद् नियमावली, २०५९ को नियम ७.९(ख) को प्रयोजनका लागि तयार गरी मिति २०६४/०८/०१ वाट लागु गरिएको छ ।

## १. विद्यार्थी भर्ना संख्या र अध्ययन अवधिः

१.१ सम्वन्धन दिने विश्वविद्यालयले तोकिदिएको परिधिमा रही वार्षिक भर्ना संख्या अधिकतम ४० (चालीस) जना विद्यार्थीहरु सम्म गर्न सकिने छ ।

१.२ फार्म. डी को हकमा कम्तीमा १०० सैयाको जनरल अस्पतालमा परिषद्ले तोके अनुसारको क्लिनिकल विषयमा केडिट/प्राक्टिकल/प्रोजेक्ट गर्ने सुविधा हुनु पर्नेछ ।

## २. आवश्यक पूर्वाधारहरुः

२.१ संस्थाले आवश्यक भौतिक पूर्वाधारहरु आफ्नै जग्गामा विकाश गर्नु पर्नेछ । उक्त भौतिक पूर्वाधारहरु नेपाल सरकारको मापदण्ड अनुसार हुनु  पर्नेछ । शुरुमा सो संभव नभएमा परिषद्ले तोकेको अवधिमा गर्नु पर्नेछ ।

### २.२ आफ्नै घर-जग्गाः

निर्माण भएको पूर्वाधारमा फार्मेसी शिक्षण कार्यक्रम वाहेक अन्य शिक्षण कार्यक्रम संचालन गर्न बन्देज हुने छैन । सो गर्न चाहेमा सम्विन्धत कलेज/इन्स्टिच्यूटले एकै पटक अध्ययन-अध्यापन हुने कक्षाहरुको तालीका व्यवस्थित गरेको लिखित प्रमाण पेश गर्नु पर्नेछ ।

कलेज/इन्स्टिच्यूट स्थापना गर्ने लक्ष राखिएको ठाउँको वातावरण र परिवेशको आधारमा निम्न अनुसार हुनु पर्नेछः

- ☞ अतिरिक्त कियाकलाप संचालन गर्न सामुहिक स्थान- टुढिखेल, कभर्डहल आदी उपलब्ध हुन सक्ने क्षेत्र जस्तै महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, जिल्ला सदरमुकाम भएका गा.वि.स. र नगरपालिकासंग जोडिएका शहरोन्मुख क्षेत्रका लागि ३८४६.१५ बर्गमिटर (२.५ रोपनी) क्षेत्र भएको जग्गा ।
- ☞ अन्य गा.वि.स. क्षेत्रका लागि २३०७७ बर्गमिटर (७५,००० बर्गफिट अर्थात १५ रोपनी) । यसरी खरिद गरिएको जग्गा जग्गा दुई कित्ता भए वढीमा एक किलोमिटर टाढा हुन सक्ने छ ।

### २.३ घर-जग्गा भाडा/लिजमा लिनेः

कलेज शुरु गर्दाको अवस्थामा घर कम्पाउण्ड भाडा/लिजमा लिएर शुरु गर्न सकिने छ ।

पठनपाठन गराउने स्थानको परिवेश अध्ययन/अध्यापन योग्य हुनु पर्नेछ ।

यसरी भाडा/लिजमा लिएको अवस्थामा आफ्नै पूर्वाधारको निर्माण कार्य चौथो व्याच भर्ना गर्नु अगाडि नै शुरु गरी पाँचौ व्याचको अध्यापन आफ्नै पूर्वाधारमा गराउने व्यवस्था हुनु पर्नेछ ।

## २.४ भौतिक पूर्वाधारहरुः

२.४.१ कक्षाकोठाहरुः

पहिलो वर्ष वि.फार्मेसीको लागि एउटा कक्षा कोठा अनिवार्य हुनेछ । कक्षा कोठाहरु क्रमशः वर्षै पिच्छे थप्दै जानु पर्नेछ ।

कक्षा कोठा ४.९ बर्गमिटर (१६ वर्गफिट) प्रति विद्यार्थी हुनु पर्छ । साधारणतया ४० X ४.९ बर्गमिटर (४० जना X १६= ६४० वर्गफिट) को उपयुक्त लम्वाई/चौडाई भएको लेक्चर कोठा हुनु जरुरी छ ।

प्रत्येक कक्षा कोठामा आवश्यक शैक्षिक सामाग्री हुनु पर्नेछ ।

कलेजमा कम्तीमा एउटा एलसीडी प्रोजेक्टर, OHP (Over Head Projector) र वोर्डहरु जस्ता शैक्षिक सामाग्री हुनु पर्नेछ ।

२.४.२ प्रयोगशालाहरुः

प्रयोगशालाको सुविधा र उपकरणहरुको संख्या सम्वन्धन दिने विश्वविद्यालयको कोर्षको आवश्यक्ता अनुसार हुनु पर्नेछ । प्रयोगशालाहरुमा एकपटकमा भर्ना संख्याको आधा विद्यार्थीहरुलाई प्रयोगात्मक कक्षा संचालन गर्न सक्ने सुविधाहरु हुनु पर्नेछ ।

प्रयोगशाला न्यूनतम १५ बर्गमिटर (४९ वर्गफिट) प्रति विद्यार्थी हुनु पर्नेछ । स्टोर समेतको व्यवस्था हुनु पर्नेछ ।

२.४.३ सम्वन्धन दिने विश्वविद्यालयले तोके अनुसार प्रयोगात्मक कक्षाको लागि आवश्यक मेशिन/औजारहरु हुनु पर्नेछ । पहिलो वर्षमा कम्तीमा अनुसूची-१ मा उल्लेख भए अनुसारको सुविधा हुनु पर्नेछ ।

## ३. पुस्तकालयः

### ३.१ पुस्तकालयमा एकजना पूर्णकालीन लाइब्रेरियन हुनु पर्दछ ।

३.२ पुस्तकालयमा २५ प्रतिशत विद्यार्थीहरु एकै पटक वसेर अध्ययन गर्ने पढने कोठा एवं मेच-टेवल समेत हुनु पर्नेछ । यस वाहेक किताव/जर्नलहरु राख्ने र्‍याक/दराजहरु राखने ठाउँ प्रयाप्त हुनु पर्नेछ । पुस्तकालयमा प्रति विद्यार्थी २.४६ बर्गमिटर (८ वर्गफिट) स्थान हुनु पर्नेछ ।

३.३ विश्वविद्यालयले तोकेका कोर्षका कितावहरु हरेक ४ जना विद्यार्थीहरुका लागि कम्तीमा एउटा उपलब्ध हुनु पर्नेछ । सन्दर्भ सामाग्रीका रुपमा प्रयोग हुने कितावहरु आवश्यकता अनुसार राख्नु पर्नेछ ।

३.४ कम्प्यूटर ल्यावमा प्रयाप्त कम्पयूटरहरु र इन्टरनेटको सुविधा हुनु पर्नेछ । प्रोजेक्ट कार्य गर्ने विद्यार्थीहरुका लागि तालीका वनाई सन्दर्भ सामाग्री खोज्ने/पढने सुविधा दिनु पर्नेछ ।

३.५ फार्मेसी विषयका जर्नलहरुको सम्वन्धमा उपलब्ध हुने प्रचलित छापीएका वा इन्टरनेटमा प्राप्त अन-लाईन जर्नलहरुको पहुँच हुनु पर्नेछ ।

**४. अतिरिक्त कियाकलाप सम्वन्धि व्यवस्थाः**

सह-शैक्षिक वा अतिरिक्त क्रियाकलाप शैक्षिक भ्रमण/समुदाय संग भिज्ने/परिचित हुने गतिविधी/सामाजीक सेवा/ सभा, सेमिनार, गोष्ठीमा सहभागिता, मौलिक अनुसन्धानात्मक कार्य लगायत फार्मेसी विषयको विकाश र विस्तार गर्ने सम्वन्धि प्रतियोगिता /प्रतिष्प्रधाहरु, फार्मेसी संग सम्वन्धीत पेशागत संघ-संगठनको गतिविधीमा सहभागीता गराउने साथै स्वास्थ्य सम्वन्धि आध्यात्मिक र शैक्षिक अभ्यास गर्ने/गराउने वातावरणको उपलब्ध हुनु पर्नेछ ।

**५. अन्यः**

५.१ कलेजमा पिउने पानी सजिलै संग पुग्ने ठाउँमा प्रसस्त राख्नु पर्दछ ।

५.२ विजुलीको लागि वैकल्पिक व्यवस्था समेत हुनु पर्नेछ ।

५.३ विद्यार्थीहरुका लाीग स्तरिय क्यान्टिनको व्यवस्था हुनु पर्दछ ।

५.४ आवश्यकता अनुसार विद्यार्थीहरुका लागि छात्रावासको व्यवस्था हुनु पर्नेछ ।

**६. शिक्षक/कर्मचारीहरुः**

६.१ चौथो व्याच भर्ना भै सक्दा पूर्णकालीन शिक्षक : विद्यार्थी अनुपात कम्तीमा १:१५ हुनु पर्नेछ । शुरु गर्दाको अवस्थामा निम्न अनुसार हुनु पर्नेछः

- फार्मेसी प्रोग्राम डाईरेक्टर/प्रिन्सिपल - १ (एम. फार्म र कम्तीमा ५ वर्ष फार्मेसी पेशामा अनुभव हासील गरेको)

प्रोग्राम डाईरेक्टर वाहेक कम्तीमा दुई जना फार्मेसी विषयका पूर्णकालीन शिक्षकहरु हुनु पर्नेछ । प्राज्ञिक पदहरु (प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक) सम्वन्धन दिने विश्वविद्यालयले निर्धारण गरेको मापदण्ड अनुसार हुनु पर्नेछ ।

अन्य शिक्षकहरु आवश्यकता अनुसार पूर्णकालीन वा आंशिक हुन सक्ने छन् ।

६.२ अन्य प्राविधिज्ञ र कर्मचारीहरु आवश्यकता अनुसार हुनु पर्दछ ।

**७. आर्थिक श्रोत र यस्को व्यवस्था:**

७.१ नयाँ खोलीने कलेज/इन्स्टिच्यूट र नेपाल फार्मेसी परिषद्को संयुक्त खातामा रु. १५००,०००।- (पन्ध्र लाख) जम्मा गरेको हुनु पर्नेछ ।
यो रकम आफ्नै जग्गामा कक्षाकोठाहरु/प्रयोगशालाहरु निर्माण गर्न नेपाल फार्मेसी परिषद्को पूर्ण बैठकको निर्णय अनुसार एकपटकमा रु. ५००,०००।- (पाँच लाख) फुकुवा गर्न सकिने छ । एकपटक फुकुवा भएको रकमको चित्तवुझ्दो प्रगती विवरण पेश गरेपछि पुनः दोश्रो र तेश्रो किस्ता फुकुवा गर्न सकिने छ ।

७.२ बि.फार्मेसी कक्षा संचालन गर्ने यस निर्देशिकामा उल्लेखित पूर्वाधारहरु पुरा गरेको कलेजले आफै यकिन गरि नेपाल फार्मेसी परिषद्को विज्ञहरुको निरिक्षण गर्ने व्यवस्था गर्न फिर्ता नहुने गरी रु. ७५,०००।- (पचहत्तर हजार) नेपाल वङ्गलादेश वैक विजुलीवजारको खाता नं. ०४०१३१S मा जम्मा गर्नु पर्ने हुन्छ । यो रकम यस निर्देशिकाको वुदा नं. १०.२ अनुसार आसय पत्र (Letter of Intent) पाए पछि मात्र जम्मा गर्नु पर्दछ ।

**८. स्वीकृति लिन आवश्यक शर्तहरु:**
तल उललेखित सर्तहरु पुरा गरेको खण्डमा कुनै पनि संस्थालाई बि.फार्मेसी अध्यापन गराउने कलेज शुरु गर्न योग्य मानिने छ ।

८.१ नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भएको ट्रस्ट, समाज, इन्स्टिच्यूट वा कलेज

८.२ विश्वविद्यालयहरु र नेपाली लगानीकर्ताको संलग्नतामा खोलीने ख्यातीप्राप्त विदेशी शैक्षिक संस्था संग सम्वन्धित संस्था ।

८.३ नेपाल फार्मेसी परिषद्को कार्यालय विजुलीवजार काठमाडौंमा दरखास्त पेश गरेको हुनु पर्नेछ । उक्त दरखास्त सम्वन्धन दिने विश्वविद्यालयमा दरखास्त पेश गर्दा परिषद्लाई पनि जानकारी गराउनु पर्नेछ ।

८.४ तल उल्लेखित कागजातहरु दरखास्त साथ संलग्न हुनु पर्नेछ ।

- ट्रस्ट/समाज/इन्स्टिच्यूट दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलीपी र उक्त संस्थाको विधानको प्रतिलिपी ।

- संस्थाको नाममा रहेको घर-जग्गा सम्वन्धी सवै कागजात प्रमाणित प्रतिलीपी ।
- घर/जग्गा भाडा/लिजमा लिएको भए सो को संझौताको कागजात प्रमाणित प्रतिलीपी ।
- यस निर्देशिकामा उल्लेखित पूर्वाधार सम्वन्धि विवरण वुदा नं. ९ अनुसारको विवरण ।
- ट्रस्ट/समाजको आर्थिक लगानी गर्ने लिखित प्रतिबद्धता ।

८.५ नयाँ कलेज खोल्ने ट्रस्ट/समाज/विश्वविद्यालयका तर्फवाट निम्न व्यक्तिलाई दरखास्त पेश गर्न योग्य मानिने छ ।

८.५.१ विश्वविद्यालयका अधिकार प्राप्त व्यक्ति ।

८.५.२ ट्रस्ट/समाज/इन्स्टिच्यूटका अक्तियारी प्राप्त अध्यक्ष, उपाध्यक्ष वा महासचिव ।

**९. दरखास्त पेश गर्ने तरीकाः**

दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः

९.१ घर-जग्गाको लालपूर्जा वा भाडा/लिजमा लिएको घर-जग्गाको संझौता पत्रको प्रमाणित प्रतिलीपी ।

९.२ घर-जग्गाको स्वीकृत इन्जिनियरिङ ड्रईङ वा भाडा/लिजमा लिईएको घरमा व्यवस्था गरिएको कक्षा कोठाहरु र प्रयोगशालाहरुको वुझिने विवरण (ड्रईङ) । यस निर्देशिकामा उल्लेखित पूर्वाधारको विवरण ।

९.३ विश्वविद्यालय/समाज/ट्रस्टको वैठकवाट प्रस्तावित घर-जग्गामा बि.फार्मेसी कार्यक्रम संचालन गर्ने निर्णय भएको प्रतिलिपी ।

९.४ आर्थिक लगानीको लिखित प्रतिवद्धता ।
माथि उल्लेखित कागजातका सक्कलै प्रति नेपाल फार्मेसी परिषद्का रजिष्ट्रार समक्ष पेश गरी प्रतिलिपीहरु प्रमाणीत गराउनु पर्दछ ।

९.५ संस्थाको गुणस्तरिय फार्मेसी जनशक्ति उत्पादन गर्ने लिखित प्रतिवद्धता ।

९.६ विश्वविद्यालयले सम्वन्धन प्रदान गरेको पत्रको प्रतिलिपी प्राप्त भएको ७ (सात) दिन भित्र नेपाल फार्मेसी परिषद्मा पेश गर्नु पर्ने छ ।

**१०. स्वीकृति दिने प्रकिया:**

१०.१ नेपाल फार्मेसी परिषद्का रजिष्ट्रारले यस निर्देशिकाले निर्धारण गरे अनुसार दरखास्त दिने संस्थाले आवश्यकता पूरा गरेको यकिन गरी यदि पूरा गरेको भए सो सम्वन्धि राय नेपाल फार्मेसी परिषद्को वैठक वा परिषद्ले ताकेको समिति समक्ष विवरण पेश गर्नु पर्नेछ ।

१०.२ माथिको १०.१ अनुसार वैठक वा समितिले यो निर्देशिकाको अधिनमा रही यस्का सवै प्रावधानहरु दरखास्त दिने संस्थाले पुरा गरे/नगरेको यकिन गर्ने छ ।
सवै शर्तहरु पुरा गर्ने संस्थालाई परिषद्ले आसय पत्र (Letter of Intent) प्रदान गर्ने छ ।

१०.३ आसय पत्र (Letter of Intent) पाई सकेपछि तल उल्लेखित कागजातहरु पेश गर्नु पर्दछ ।

१०.३.१ रु. ७५,०००।- (पचहत्तर हजार) नेपाल फार्मेसी परिषद्को नाममा जम्मा गरेको सक्कल भौचर ।

१०.३.२ यस डकुमेण्टमा माथि ६.१ म उल्लेख भए वमोजिम कुनै पनि बैक वा वित्तीय संस्थामा खोलीएको रु. १५००,०००।- (पन्ध्र लाख) को संयुक्त खाताको रसिद/भौचर ।

१०.३.३ कक्षा कोठाहरु/प्रयोगशाला र अन्य भौतिक पूर्वाधारका रङ्गीन फोटोहरु ।

१०.३.४ शिक्षकहरुको नियुक्तिका लागि पहल गरिएको विवरण ।

१०.३.५ आर्थिक लगानीको लिखित प्रतिवद्धता ।

१०.४ सम्वन्धन दिने विश्वविद्यालयको कोर्षको आवश्यकता अनुसार पहिलो वर्षका लागि आवश्यक कोठा/मेशिन औजारहरु व्यवस्था भै सकेको हुनु पर्नेछ । यस संग-संगै प्रयोगात्मक कक्षाको पूर्ण सूची (Practical Topics) र मेशिन औजारहरुको पूर्ण सूची समावेश गरेको हुनु पर्नेछ ।

१०.५ यस निर्देशिकाका वुदा नं. २, ३, ४, ५, र ६ मा उल्लेखित सबै पूर्वाधारहरु तयार भएको हुनु पर्दछ ।

**११.** कलेज/इन्स्टिच्यूटको निरिक्षणको व्यवस्था माथि वुदा नं.१० मा उल्लेखित शर्तहरु पुरा गरेको खण्डमा नेपाल फार्मेसी परिषद्को बैठकले निर्णय गरी उक्त संस्थाको निरीक्षण गर्ने छ ।

**१२. निरीक्षणको समयमा पेश गर्नु पर्ने कागजातहरुः**

१२.१ नेपाल फार्मेसी परिषद्मा पेश गरेको दरखास्त र आसय पत्र (Letter of Intent)।

१२.२ संस्था दर्ता प्रमाण-पत्र, उद्देश्य र सदस्यहरुको विवरण ।

१२.३ संस्थाको प्रस्तावित परिसरमा कलेज खोल्ने निर्णय गरिएको माईन्यूट ।

१२.४ घर/जग्गाको सक्कल लालपूर्जा वा घर/जग्गा भाडामा लिएको कानूनी करारनामा ।

१२.५ घर/जग्गामा वनेको/वनाएको भौतिक पूर्वाधारको पूर्ण विवरण ।

१२.६ घर/जग्गामा भएका कक्षा कोठाहरु/प्रयोगशालाहरुको इन्जिनियरिङ ड्रईङ ।

१२.७ सम्वन्धन दिने विश्वविद्यलायले जारी गरेको बि.फार्मेसी प्रोग्रामको अद्यावधिक कोर्षको विवरण ।

१२.८ वैकल्पिक विद्युतको व्यवस्थाको विवरण ।

१२.९ प्रथम वर्षको कोर्ष अनुसार आवश्यक मेशिन/औजारहरुको पूर्ण सूची ।

१२.१० पुस्तकालयमा मौजूद पुस्तकहरु र जर्नलहरुको पुर्ण विवरण ।

१२.११ शिक्षकहरुको नियुक्तिका लागि पहल भएको विवरण ।

१२.१२ सरकारी निकायवाट स्विकृत प्राप्त घर/जग्गाको आर्किटेक्चरल ड्रईङ ।

१२.१३ कक्षाकोठाहरु/प्रयोगशालाहरु लगायत सवै कोठाहरुको पूर्ण विवरण ।

१२.१४ शिक्षकहरुको शैक्षिक योग्यता र अनुभवको विवरण ।

१२.१५ प्रिन्सिपल/डाईरेक्टरको वायोडाटा ।

१२.१६ संस्था र कार्यक्रमको परिचय सम्वन्धि पुस्तीका वा Homepage।

१२.१७ पूर्वाधार निमार्णको भावी योजनाको विवरण ।

१३. नेपाल फार्मेसी परिषद्को निरीक्षण टोलीले माथि उल्लेखित भौतिक तथा प्राज्ञिक सुविधाहरुको जाँच गरी प्रतिवेदन दुई हप्ता भित्र नेपाल फार्मेसी परिषद्को वैठकमा पेश गर्नु पर्दछ । निरीक्षण टोलीले पेश गरेको प्रतिवेदनको आधारमा उचित निर्णय गरी परिषद्ले सम्वन्धित संस्थालाई दुई महिना भित्र निर्णयको सूचना दिनु पर्दछ ।

# अनुसूची-१

प्रथम वर्षका लागि आवश्यक प्रयोगशालाहरुः

१. केमिष्ट्री/फर्मास्युटिकल एनालाईसिसमा हुनुपर्ने सुविधाहरुः

१.१ कोर्षले तोके अनुसारको प्रयोगात्मक कक्षा संचालन  गर्न आवश्यक केमिकल्स, रिएजेण्ट र ग्लासवेयरहरु ।

१.२ आवश्यक मेशिन औजारहरु

१.२.१ $P^H$ meter - 2

१.२.२ Spectrophotometer – 1

१.२.३ 3 digit electronic balance – 2

१.२.४ Electronic balance upto 1 kg – 1

१.२.५ Polarimeter – 1

१.२.६ Refractometer – 1

१.२.७ 6"x6" Muffle Furnance – 1

१.२.८ Refrigerator – 1

१.२.९ Conductivity meter – 1

१.२.१० Hot air oven

२. फर्माकोग्नोसी/नेचरल प्रोडक्ट केमिष्ट्री/हवर्ल ड्रग्स

२.१ कोर्षले तोके अनुसारको प्रयोगात्म कक्षा संचालन  गर्न आवश्यक केमिकल्स, रिएजेण्ट र ग्लासवेयरहरु ।

२.२ आवश्यक मेशिन औजारहरु

२.२.१ Vacuum evaporator – 2

२.२.२ TLC Plate making facility with solvent cabinet – 1

२.२.३ UV cabinet – 1

२.२.४ 3 digit electronic balance – 1

२.२.५ 500 gm to 2 kg electronic balance – 2

२.२.६ Extraction set with 30x90 cellulose thimbles – 3

२.२.७ RBF with reflux condenser – 5

२.२.८ Milling facility for crude drugs (Hammer mill or bal mill) – 1

२.२.९ 500ml conical flask/RBF – 10 Nos. each

२.२.१० 1000 ml conical flask/RBF – 10 Nos. each

३. कम्प्यूटर प्रयोगशालामा इन्टरनेट सुविधा सहितको कम्प्यूटर कम्तीमा १० वटा